नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

फोन { ४२००००० ४२००२८१ ४२००२१७ ४२००२१९

पत्र संख्या:-

चलानी नं.:-

मिति :-

**विषय :- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको विकास साझेदार तथा दातृ निकायसंगको छलफल कार्यक्रमको प्रेस विज्ञप्ती**

२०७२ वेशाख १२ गते शनिवार गएको महाभूकम्प र त्यसयता आएका पराकम्पनहरुबाट नेपालका ३१ जिल्ला प्रभावित भएका छन् । जसमध्ये १४ अति प्रभावित जिल्ला छन् । भूकम्प पश्चात नेपाल सरकारले राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आफ्ना सम्पूर्ण संरचनाहरु परिचालन गरेको छ । यस क्रममा दातृ निकाय तथा विकास साझेदारहरुबाट प्राप्त सहयोग प्रसंशनीय रहेको छ ।भूकम्पबाट प्रभावित क्षेत्रमा घर, आवास तथाखाद्यान्नमा भएको हानीले आश्रय, उपचार, रासन तथा बजार एवं सेवामा पहुच स्थापना गर्न निकै कठिनाई भएको वर्तमान अवस्थामा द्रुत पुनर्स्थापनाको कार्यमा सहयोग, साझेदारी र योगदान कायम गर्ने सन्दर्भमा आज माननीय उपप्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहज्यूको समुपस्थितिमा नेपालस्थितविकास साझेदारहरुसँग छलफल आयोजना गरियो ।

छलफलको क्रममा मा. उपप्रधानमन्त्रीज्यूले विकास साझेदारहरुबाट भूकम्पबाट प्रभावितहरुको उद्धार, राहत तथा पुनर्स्थापनामा हालसम्म गर्नुभएको सहयोगको लागि धन्यवाद दिंदै मुलुकले व्यहोरिरहेको यस चुनौतीपूर्ण अवस्थामा स्थानीय निकायहरु, सरकारी संयन्त्र र सेवा वितरणको व्यवस्थालाई अझ प्रभावकारी बनाउने आश्वसन प्रदान गर्दै विकास साझेदारहरुलाई सरकारसँग हातेमालो गर्दै आवश्यक सहोग, सहकार्य र साझेदारीमा अघि बढ्न आव्हान गर्नुभयो । उहाँले यसक्रममा हुने स्रोत साधनको अभावलाई पूर्तिमा विकास साझेदारबाट हुने थप सहयोग महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

सोही अवसरमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव डा. सोमलाल सुवेदीले विद्यमान अवस्था, मन्त्रालय तथा स्थानीय निकायहरुबाट भएको हालसम्मको उद्धार तथा राहत प्रयास, सोको समन्वय र अव गर्नुपर्ने अल्पकालिन, मध्यकालिन र दिर्घकालीन राणनीति तथा क्रियाकलापहरुको वारेमा जानकारी प्रस्तुत गर्नु भयो । वहांले द्रुत पुनस्थापनका लागि भुकम्प प्रभावित भवन तथा संरचनाका भग्नावशेषको सफाई, सामुदायिक पूर्वाधारहरुको पुनर्निमान, सार्वजनिक सेवा प्रवाहको पुनर्सस्थापना र सहरी तथा ग्रमीण क्षेत्रमा सुरक्षित आवास तथा पुनर्वास व्यवस्थापनको आवश्यकतामा जोड दिदै यसमा नेपाल सरकार विकास साझेदारहरुसंग सहयोग र साझेदारीका साथ अघि बढ्ने चाहेको कुरा व्यक्त गर्नु भयो ।

नर्वेजियन राजदुत तथा नेपालस्थित विकास साझेदारहरुका प्रमुखहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा विकास साझेदारहरुले उद्धार, राहत तथा पुनर्स्थापनामा समन्वय, प्रभावितलाई प्रभावकारी राहत वितरण, विपद् पश्चात्को आवश्यकता मूल्यांकन, पुननिर्माण तथा पुनस्थापना सम्बन्धी अवधारणापत्र तयार गरी एकीकृत रुपमा कार्य गर्नु पर्ने कुरामा जोड दिनु भयो । विपद् पश्चातको समयमा प्रभावितहरुको लागि आश्रय, आधारभूत स्वाथ्य तथा सरसफाइको सुविधा, खेतिपातिको लागि विउविजन र सिंचाई लगायतका कुराहरुको पुनर्स्थापना र पहुचको उपयुक्त व्यवस्था गर्न प्राथमिकता दिनु पर्ने विषय समेत छलफलमा जोड दिइयो । यसैगरी विपदपश्चात महिला, किसोरीहरुमा पर्न सक्ने हिंसा, मानव वेचविखनको जोखिम तथा शोषणबाट सुरक्षा प्रदान गर्ने तर्फ समेत कार्य गर्नु पर्ने रजेष्ठ नागरिक,अपांगता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा तथाबन्चितीमा परेका हरुलाई अवसर तथा सेवामा समावेशीता सुनिश्चित हुन पनि विशेष ध्यान दिनु पर्ने कुरामा समेत जोड दिनु भयो ।

मन्त्रालयले अप्रत्यासित भूकम्पले सृजना गरेको कठिनतामा पुऱ्याएको हाल सम्मको सहयोग, सद्भाव र सहकार्यकालागि सवै विकास साझेदारहरुलाई धन्यवाद व्यक्त गऱ्यो ।

२०७२/१/२२

पूर्णचन्द्र भट्टराई

प्रवक्ता, सहसचिव

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।